# राप्ती सोनारी गाउँपालिकाको गाउँसभाको १९ औं अधिवेशनबाट पारित आर्थिक वर्ष २०८३/०८४ को बजेट वक्तव्य

**आदरणीय सभाध्यक्षज्यू,**
**सभासदस्यज्यूहरु,**
**उपस्थित सम्पूर्ण महानुभावहरू,**

**आ. व. २०८३/०८४ को बजेटको उद्देश्यहरु प्रस्तुत गर्न चाहन्छुः**

1. भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता नीति कडाइका साथ लागू गर्दै सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र नागरिकमैत्री बनाउने।
2. सबै सार्वजनिक सेवा डिजिटल प्रणाली (ई–गभर्नेन्स) मार्फत उपलब्ध गराउँदै वडास्तरमा डिजिटल पहुँच विस्तार गर्ने।
3. गुनासो व्यवस्थापन, नागरिक सहभागिता र तथ्यांकमा आधारित योजना प्रणालीलाई प्रभावकारी बनाउने।
4. सार्वजनिक खरिद, योजना कार्यान्वयन र विकास व्यवस्थापनलाई पूर्ण पारदर्शी र जवाफदेही बनाउने।
5. आन्तरिक राजस्व संकलन प्रणाली सुदृढ गर्दै कर प्रणालीलाई न्यायोचित, पारदर्शी र प्रभावकारी बनाउने।
6. नगदरहित (Digital Payment) प्रणाली विस्तार गर्दै वित्तीय कारोबारलाई प्रविधिमैत्री बनाउने।
7. स्थानीय उत्पादन र उद्यमशीलतामा आधारित आर्थिक वृद्धि तथा लागत–प्रभावकारिता सुनिश्चित गर्ने।
8. कृषि उत्पादनलाई व्यावसायिक, बजारमुखी र आधुनिक प्रविधियुक्त बनाउने।
9. सिँचाइ, मल–बीउ आपूर्ति, कृषि बीमा तथा सहुलियत कार्यक्रम विस्तार गर्ने।
10. पशुपालन, दुग्ध उत्पादन तथा जैविक खेती प्रवर्द्धन गरी ग्रामीण अर्थतन्त्र सुदृढ गर्ने।
11. आधारभूतदेखि माध्यमिक शिक्षाको गुणस्तर सुधार गर्दै प्राविधिक तथा सीपमूलक शिक्षा विस्तार गर्ने।
12. स्वास्थ्य सेवामा पहुँच, गुणस्तर र मातृ–शिशु स्वास्थ्य कार्यक्रमलाई प्रभावकारी बनाउने।
13. अपाङ्गता, जेष्ठ नागरिक, दलित तथा विपन्न वर्गका लागि सामाजिक सुरक्षा र समावेशी सेवा सुनिश्चित गर्ने।
14. बालमैत्री, लैङ्गिक समानता तथा समावेशी स्थानीय शासन प्रवर्द्धन गर्ने।
15. स्थानीय रोजगारी सिर्जना गर्दै युवा, महिला र विपन्न वर्ग लक्षित सीप विकास तथा तालिम कार्यक्रम सञ्चालन गर्ने।
16. स्वरोजगार, उद्यमशीलता र सुरक्षित वैदेशिक रोजगारी व्यवस्थापन कार्यक्रम विस्तार गर्ने।
17. सडक सञ्जाल, खानेपानी, सरसफाइ, सिंचाइ र सार्वजनिक भवनहरूको निर्माण तथा स्तरोन्नति गर्ने।
18. विद्युतीकरण, वैकल्पिक ऊर्जा र सार्वजनिक यातायात पहुँच सुधार गर्दै विपद् प्रतिरोधी पूर्वाधार निर्माण गर्ने।
19. स्थानीय पर्यटन (धार्मिक, प्राकृतिक र ग्रामीण), होमस्टे तथा सांस्कृतिक सम्पदा संरक्षण र प्रवर्द्धन गर्ने।

20. वन संरक्षण, वृक्षरोपण, नदी कटान नियन्त्रण, फोहोरमैला व्यवस्थापन, जलवायु अनुकूलन तथा विपद् पूर्वतयारी प्रणाली सुदृढ गर्ने ।

## अपेक्षित उपलब्धीहरुः

अब म आगामी बजेट/कार्यक्रमका अपेक्षीत उपलब्धीहरु प्रस्तुत गर्न चाहन्छः

क. सुशासन, पारदर्शिता र उत्तरदायित्वयुक्त प्रशासनिक प्रणाली सुदृढ भई भ्रष्टाचार न्यूनीकरणसहित नागरिकले सहज, छिटो र विश्वासिलो सेवा प्राप्त गर्ने अवस्था स्थापित हुनेछ।

ख. ई–गभर्नेन्स र डिजिटल सेवा विस्तारमार्फत सम्पूर्ण सार्वजनिक सेवा प्रविधिमैत्री, छरितो र सबै वडासम्म पहुँचयोग्य हुने आधुनिक प्रशासनिक संरचना विकसित हुनेछ।

ग. तथ्यांकमा आधारित योजना प्रणाली, प्रभावकारी गुनासो व्यवस्थापन र नागरिक सहभागिताले स्थानीय शासनलाई जनउत्तरदायी र परिणाममुखी बनाउनेछ।

घ. पारदर्शी सार्वजनिक खरिद प्रणाली, प्रभावकारी योजना कार्यान्वयन र वित्तीय अनुशासनमार्फत विकास खर्चको गुणस्तर र लागत–प्रभावकारिता सुनिश्चित हुनेछ।

ङ. सुदृढ आन्तरिक राजस्व प्रणाली र नगदरहित वित्तीय कारोबारले स्थानीय अर्थतन्त्रलाई औपचारिक, पारदर्शी र दिगो बनाउनेछ।

च. कृषि तथा पशुपालनको आधुनिकीकरण, व्यावसायीकरण र प्रविधि प्रयोगले ग्रामीण अर्थतन्त्रलाई आत्मनिर्भर र बजार–उन्मुख बनाउनेछ।

छ. गुणस्तरीय शिक्षा, प्राविधिक सीप विकास र स्वास्थ्य सेवामा पहुँच विस्तारले मानव पूँजीको विकास गर्दै समावेशी सामाजिक समृद्धि हासिल हुनेछ।

ज. लक्षित सामाजिक सुरक्षा, लैङ्गिक समानता र समावेशी शासन प्रणालीले समाजका सबै वर्गलाई समान अवसर र सम्मान सुनिश्चित गर्नेछ।

झ. पूर्वाधार विकास (सडक, खानेपानी, ऊर्जा, सिंचाइ र सार्वजनिक सेवा संरचना) ले ग्रामीण–शहरी अन्तर घटाई समग्र आर्थिक गतिशीलता बढाउनेछ।

ञ. पर्यावरण संरक्षण, जलवायु अनुकूलन, विपद् व्यवस्थापन र सांस्कृतिक सम्पदा संरक्षणमार्फत दिगो विकास, सुरक्षित जीवन र स्थानीय पहिचानको संरक्षण सुनिश्चित हुनेछ।

**आदरणीय सभाध्यक्षज्यू,**

**सभासदस्यज्यू,**

**उपस्थित सम्पूर्ण महानुभावहरू,**

अब म आगामी आ.व.को बजेट तथा कार्यक्रम निर्माण गर्दा गाउँपालिकाले अपनाएका आधारहरु यहाँ प्रस्तुत गर्न चाहन्छु ।

क. नेपालको संविधान (राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु)

ख. स्थानीय सरकार संचालन ऐन, २०७४

ग. अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

घ. संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध)ऐन, २०७७

ङ. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६

च. संघिय र प्रदेश सरकारको नीति तथा कार्यक्रम र वर्तमान बजेट ।

छ. स्थानीयतहको बजेट तर्जुमा दिग्दर्शन, २०७८ ।

ज. गाउँपालिकाका ऐन, नियम, निर्देशिकाहरु, कार्यविधि र मापदण्ड ।

झ. नेपाल सरकारको सोह्रौ पञ्चवर्षिय योजना ।

ञ. दीगो विकास लक्ष्य २०१६–२०३०

ट. राष्ट्रिय जनगणना, २०७८ को प्रतिवेदनहरु ।

ठ. गाउँपालिको आवधिक योजना २०७९-८४ ।

ड. गाउँपालिकाको मध्यमकालीन खर्च संरचना ।

ढ. राप्ती सोनारी गाउँपालिका कार्यपालिकाका सबै विषयगत समितिबाट प्राप्त सुझावहरु तथा निर्णयहरु ।

ण. गाउँ कार्यपालिका तथा गाउँसभाका निर्णयहरु ।

त. उँपालिकाको विगत आर्थिक वर्षका उपलब्धि, कार्यसम्पादन समीक्षा तथा चालु आयोजनाहरूको प्रगति अवस्था ।

थ. तथ्यांकमा आधारित योजना प्रणाली (Data-based Planning) तथा वडास्तरीय आवश्यकता पहिचानबाट प्राप्त प्राथमिकताहरू ।

द. भौगोलिक अवस्था, सामाजिक–आर्थिक संरचना, जनसंख्या, गरिबी, बेरोजगारी र समावेशी विकासको आवश्यकता ।

ध. सुशासन, पारदर्शिता, भ्रष्टाचार न्यूनीकरण तथा सेवा प्रवाह सुधार सम्बन्धी नीति तथा प्रतिबद्धताहरू ।

न. राजस्व क्षमता, आन्तरिक स्रोत, वित्तीय अनुशासन र खर्च गर्ने क्षमता (Fiscal Capacity & Absorptive Capacity)।
ऩ. जलवायु परिवर्तन, विपद् जोखिम न्यूनीकरण तथा वातावरणीय सन्तुलन सम्बन्धी आवश्यकताहरू।
प. स्थानीय उत्पादन, रोजगारी, कृषि, पशुपालन र उद्यमशीलता प्रवर्द्धन गर्ने आर्थिक रूपान्तरणका लक्ष्यहरू।
फ. पूर्वाधार विकास (सडक, खानेपानी, सिंचाइ, ऊर्जा) र सेवा पहुँच विस्तारका प्राथमिक आवश्यकताहरू।
ब. सामाजिक समावेशीकरण, लैङ्गिक समानता, बालमैत्री तथा लक्षित वर्गको सुरक्षा सम्बन्धी नीति।
भ. पर्यटन, सांस्कृतिक सम्पदा संरक्षण र स्थानीय पहिचान प्रवर्द्धन गर्ने रणनीतिक प्राथमिकताहरू।
**म.** नागरिक सहभागिता, गुनासो व्यवस्थापन र उत्तरदायी शासन प्रणाली सुदृढ गर्ने आवश्यकताका विषयहरु।

**आदरणीय सभाध्यक्षज्यू,**
**सभासदस्यज्यूहरु,**
**उपस्थित सम्पूर्ण महानुभावहरू,**
अब म आगामी आ.व. २०८३/८४ को कुल बजेट र सोको क्षेत्रगत वितरण प्रस्तुत गर्न अनुमति चाहान्छुः

आ.व.२०८३/८४ का नीति तथा कार्यक्रम कार्यान्वयन गर्न **चालु तर्फ रु. ६१ करोड ६७ लाख ४२ हजार र पूँजीगत तर्फ रु. ३० करोड ७४ लाख ९७ हजार गरी कुल बजेट रु.** ९२ करोड ४२ लाख ३९ हजार विनियोजन गरेकी छु।

## कृषि तथा पशुपंछी

कृषि क्षेत्रको आधुनिकीकरण, विविधिकरण र व्यवसायीकरण गर्न, कृषि उत्पादनमा वृद्धि, सिंचाइ विस्तार, उन्नत बीउबिजन तथा प्रविधिको प्रयोग, कृषक क्षमता विकास र बजार पहुँचलाई प्राथमिकता दिन र पशु स्वास्थ्य सेवा सुदृढीकरण, औषधि तथा खोप व्यवस्थापन, कृत्रिम गर्भाधान, पशु स्वास्थ्य शिविर तथा महामारी नियन्त्रण कार्यक्रम प्रभावकारी गर्न समग्रमा कृषि तथा पशुपंक्षी क्षेत्रमा रु.२ करोड ९८ लाख ४० हजार मात्र विनियोजन गरेकी छु।

## सहकारी, वित्तीय तथा गै. स. स. एवं उद्यमशिलता

सहकारी क्षेत्रको सुदृढीकरण, नियमन, क्षमता विकास तथा प्रणाली सुधार गर्न, सहकारी तथा उद्यम क्षेत्रलाई उत्पादनमुखी बनाउँदै रोजगारी सिर्जना गर्न तथा उद्यमशीलता विकास, वित्तीय पहुँच अभिवृद्धि गर्न जम्मा रु.२२ लाख विनियोजन गरेकी छु।

## श्रम तथा रोजगार

आन्तरिक रोजगारी प्रवर्द्धन, बेरोजगारको तथ्यांक संकलन तथा रोजगार सूचना प्रणाली अद्यावधिक, सार्वजनिक निर्माणमा श्रममूलक प्रविधिको प्रयोगमार्फत रोजगारी सिर्जना, मर्यादित श्रम अभ्यास र श्रमिक हकहित संरक्षण, श्रम

स्वीकृति प्रक्रिया सरलिकरण तथा वैदेशिक रोजगारीबाट फर्किएका जनशक्तिको सीप–पुँजीको उपयोग गर्न लागि रु. १ करोड १ लाख ४४ हजार विनियोजन गरिएको छ।

## शिक्षा

प्रविधिमैत्रि, नवप्रवर्तन सहितको गुणस्तरीय, समावेशी, व्यवहारिक तथा रोजगारमुखी शिक्षा प्रणाली विकास तथा पहुँच सुनिश्चित गर्न शिक्षाका समग्र कार्यक्रमहरु संचालन गर्न कुल रु.४० करोड ४४ लाख ८६ हजार मात्र विनियोजन गरेकी छु।

## स्वास्थ्य

**प्राथमिक स्वास्थ्य सेवा सुदृढीकरण, रोग नियन्त्रण, आपतकालीन स्वास्थ्य व्यवस्थापन, डिजिटल स्वास्थ्य प्रणाली विस्तार तथा मानव संसाधन प्रोत्साहन,** नागरिक आरोग्य केन्द्रको सेवालाई विस्तार र व्यवस्थित गर्न तथा स्वास्थ्य संस्थाहरुको निर्माण र मर्मत सम्भारका लागि रु. ११ करोड ३ लाख २२ हजार विनियोजन गरेकी छु।

## महिला, बालबालिका तथा समावेशीकरण इकाईः

अपाङ्गता भएका व्यक्ति, विपन्न तथा जोखिममा रहेका बालबालिका र सामाजिक रूपमा पछाडि परेका वर्गहरूको संरक्षण तथा सशक्तिकरण, परिचयपत्र व्यवस्थापन तथा अपाङ्गता शिविर सञ्जाल, सुदृढीकरण, सीपमूलक तालिम, सामाजिक दिवसहरू, लागु औषध दुर्व्यसन विरुद्ध सचेतना कार्यक्रम, अन्तरजातीय जोडी सम्मान तथा बाल श्रममुक्त बालिका घोषणा जस्ता कार्यक्रमहरु संचालन गर्न रु. ५० लाख विनियोजन गरेकी छु।

## पूर्वाधार-योजना तथा एकिकृत सेवा विकास

यस पालिका अन्तर्गत ९ वटै वडाको सन्तुलित विकास, जनताको आवश्कता माग र चाहाना परिपुर्ति, लागत सहभागिता, समपूरक योजना, आपतकालीन तथा नियमित मर्मत–सम्भार, पूर्वाधार निर्माण तथा स्तरोन्नति, पर्यटन–संस्कृति प्रवर्द्धन, संस्थागत क्षमता विकास, सूचना तथा योजना व्यवस्थापन, तथा भुक्तानी दायित्व व्यवस्थापनका कार्यक्रमहरूका लागि रु. ३ करोड विनियोजन गरेकी छु।

## वन, वातावरण, खानेपानी तथा विपद् व्यवस्थापन

खानेपानी तथा सरसफाइ, वन तथा वातावरण संरक्षण र विपद् व्यवस्थापनलाई एकीकृत गर्दै जलस्रोत संरक्षण, स्वच्छ पानीको दिगो पहुँच, सरसफाइ प्रवर्द्धन तथा विपद् जोखिम न्यूनीकरणमार्फत जनस्वास्थ्य र वातावरणीय सन्तुलन सुनिश्चित गर्न, संघ र प्रदेशसँग समन्वय गरी दीर्घकालीन तटबन्धन, दहत्तर–बहत्तर व्यवस्थापन, सामुदायिक वन

संरक्षण, वन डढेलो नियन्त्रण, कृषि प्रवर्द्धन तथा ताल–तलैया संरक्षणका कार्यक्रम कार्यान्वयनका लागि रु. १ करोड २५ लाख विनियोजन गरिएको छ ।

## प्रशासन - भुमि तथा सहकारी शाखा

भ्रष्टाचार नियन्त्रण, पारदर्शिता एवं शुसासन प्रवर्द्धन, सेवा प्रवाहकाको नयाँ प्रविधि तथा अवधारणाको विकास सगै कर्मचारीमा मनोबल तथा प्रोत्साहन, नगर प्रहरी व्यवस्थापन, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, अन्तरपालिका समन्वय, तथा कर्मचारी–जनप्रतिनिधि क्षमता अभिवृद्धि लगायतका सेवासम्बन्धी विभिन्न सुदृढीकरण कार्यक्रमहरू सञ्चालन गर्नका लागि  रु. ७० लाख बजेट विनियोजन गरेकी छु ।

## न्यायिक समिति तथा मेलमिलाप केन्द्र स्थापना

न्यायिक समिति तथा मेलमिलाप केन्द्रको काम कारवाहीलाई व्यवस्थित, नागरिकमैत्री तथा सूचना प्रविधियुक्त बनाई न्यायिक निरोपण कार्यलाई छरितो र चुस्त बनाइनेछ ।  मेलमिलाप कर्ताको लागि पुनर्ताजगी तालिम, कर्मचारीको क्षमता वृद्दि तालिम तथा समग्र प्रशासनिक खर्च लगायतका लागि रु.१० लाख विनियोजन गरेकी छु ।

## सूचना प्रविधिको विकास र विस्तार

सूचना प्रविधिमा आधारित सेवा प्रवाहलाई प्रभावकारी, पारदर्शी र प्रविधिमैत्री बनाउन, डीजिटल पूर्वाधारको निर्माण तथा  सुदृढीकरण गर्न, सुरक्षा व्यवस्थापन गर्न, डिजीटल पालिका निर्माण गर्नका लागि रु ५०  लाख विनियोजन गरेकी छु ।

## पञ्जीकरण तथा सामाजिक सुरक्षा

यस गाउँपालिकाको पञ्जीकरण शाखालाई थप व्यवस्थित, प्रविधिमैत्री र सेवाग्राहीमुखी बनाइ जन्म, मृत्यु, विवाह, बसाइँसराइ लगायतका व्यक्तिगत घटनाको दर्ता प्रणालीलाई समयमै, शुद्ध र पूर्ण बनाउन, डिजिटल अभिलेखीकरणलाई सुदृढ तथा विश्वसनीयता अभिवृद्धि तथा नागरिकको अधिकार सुनिश्चित गर्नका लागि रु. १५ लाख ५० हजार  विनियोजन गरेकी छु ।

## साझेदारी प्रवर्दन कोष /सामाजिक विकास प्रवर्द्धन कोष स्वास्थ्य उपचार कोष/मर्मत सम्भार कोषः

साझेदारी प्रवर्द्धन कोष, सामाजिक विकास प्रवर्द्धन कोष, स्वास्थ्य उपचार कोष तथा मर्मत सम्भार कोषलाई एकीकृत रूपमा पारदर्शी र प्रभावकारी रुपमा व्यवस्थापन गर्दै स्थानीय स्रोत साधनको अधिकतम उपयोग सुनिश्चित गर्न, आर्थिक

तथा सामाजिक विकासका कार्यक्रमहरूलाई सशक्त बनाउन, सामाजिक समावेशिता, विपन्न तथा लक्षित वर्गको स्वास्थ्य उपचारमा सहज पहुँच एवं सार्वजनिक पूर्वाधारहरूको नियमित मर्मत सम्भार कार्यलाई प्राथमिकता दिई सेवा प्रवाहलाई प्रभावकारी बनाउनका लागि रु.५५ लाख विनियोजन गरेकी छु।

## समपुरक आयोजना

संघ तथा प्रदेश सरकारसँगको समन्वय, सहलगानी र साझेदारीलाई थप सुदृढ गर्दै समुदायस्तरमा वास्तविक आवश्यकता पहिचान गरी प्राथमिकताका आधारमा दिगो तथा गुणस्तरीय विकास निर्माण कार्यहरू सञ्चालन गर्न तथा पूर्वाधार विकासमा तीव्रता र समावेशी तथा सन्तुलित क्षेत्रीय विकासमा महत्वपूर्ण योगदान पुर्याउन समपुरक तर्फ रु २ करोड विनियोजन गरेको छू।

**सभाध्यक्षज्यू,**
**सभासदस्य ज्यूहरु,**
**उपस्थित सम्पूर्ण महानुभावहरू,**

अब म,संघीय तथा लुम्बिनी प्रदेश सरकार र आन्तरीक श्रोतबाट प्राप्त अनुदानवाट कार्यान्वयन हुने आय र व्ययको विवरण प्रस्तुत गर्न अनुमति चाहान्छुः-

## अनुमानित आय र व्ययको श्रोत व्यवस्थापनः

### आ.व. ०८३।०८४ को आय- विवरण

(क) बजेट श्रोत अनुमान तथा प्रक्षेपण

| क्र.सं. | बजेट श्रोत | बजेट सिमा (रु. हजारमा) |
|---|---|---|
| १ | समानीकरण अनुदान- संघ/प्रदेश | १८५५२७ |
| २ | राजश्व बाँडफाँड- संघ/प्रदेश | २३७२३७ |
| ३ | आन्तरीक श्रोत | ६९७७५ |
| ४ | सशर्त अनुदान- संघ | ३९०८०० |
| ५ | सशर्त अनुदान- प्रदेश | १३२०० |
| ६ | विशेष अनुदान- संघ | ११००० |
| ७ | विशेष अनुदान- प्रदेश | २१०० |
| ८ | समपुरक अनुदान- संघ | ५००० |
| ९ | समपुरक अनुदान- प्रदेश | ७५०० |
| जम्मा | | ९२४२३९ |

## बजेट उपशीर्षक अनुसार बजेट बिनियोजन

(ख) बजेट/सिमा निर्धारण अनुमान तथा प्रक्षेपण

| सि.नं. | खर्च शिर्षक | खर्च सिमा (रु. हजारमा) |
|---|---|---|
| **क्रमागत आयोजनाहरु** | | |
| १ | समपुरक आयोजनाहरु- संघ+ प्रदेश+ सडक बोर्ड समेत | २०००० |
| २ | कार्यालय सञ्चालन एवं प्रशासनीक खर्च | १७६३०० |
| ३ | गाउँपालिका पुँजीगत पुजीगत खर्च | १०००० |
| ४ | क्रमागत तथा "अपरिशोधित भुक्तानी दायित्व" | ७३९७ |
| जम्मा | | २१३६९७ |
| **बिषयगत** | | |
| १ | शिक्षा | ७८०८६+४०००+३२२४०० = ४०४४८६ |
| २ | स्वास्थ्य | ४६८२२+६३००+५७२०० = ११०३२२ |
| ३ | कृषि | १३२००+५०४०(संघ) =१८२४० |
| ४ | पशु | ११०००+६००(संघ) = ११६०० |
| ५ | महिला | ४०००+१०००(संघ) = ५००० |
| ६ | खानेपानी | ३००० |
| ७ | सहकारी/संघसंस्था | १००० |
| ८ | वन तथा वातावरण | १५०० |
| ९ | विपद | ८००० |
| | राजश्व | ५०० |
| १० | पंजीकरण | १५५० |
| ११ | रोजगार सेवा केन्द्र | ७९४४+२२००(संघ) = १०१४४ |

| | | |
|---|---|---|
| १२ | उद्यम विकास | ५००+७००(संघ) = १२०० |
| १३ | कानून शाखा | १००० |
| १४ | प्रशासन-भुमि-सहकारी | ७००० (संघ+प्रदेश+गा.पा) |
| | पुर्वधार-योजना तथा एकिकृत व्यवस्थापन | ३०००० |
| १५ | साझेदारी प्रबर्द्धन कोष | २००० |
| | सुचना प्रविधि तथा डिजिटल पुर्वधार | ५००० |
| १६ | स्वास्थ्य उपचार कोष | १००० |
| १७ | समाजिक विकास प्रबर्द्धन कोष | १००० |
| १८ | मर्मत संभार कोष | १५०० |
| जम्मा | | ६२५०४२ |
| **वडागत** | | |
| १ | वडा नं. १ | ९५०० |
| २ | वडा नं. २ | ९५०० |
| ३ | वडा नं. ३ | ९५०० |
| ४ | वडा नं. ४ | ९५०० |
| ५ | वडा नं. ५ | ९५०० |
| ६ | वडा नं. ६ | ९५०० |
| ७ | वडा नं. ७ | ९५०० |
| ८ | वडा नं. ८ | ९५०० |
| ९ | वडा नं. ९ | ९५०० |
| जम्मा | | ८५५०० |
| **कुल जम्मा रुः-** **८५५००+६२५०४२+२१३६९७ = ९२४२३९(९२ करोड ४२ लाख ३९ हजार)** | | |

**आ.व २०८३/२०८ को जम्मा व्यय विवरण :(रु.हजार मा)**

| | |
|---|---|
| शीर्षक | आ.व. २०८३/८४ को अनुमान |

| | |
|---|---|
| कूल व्यय | ९२४२३९ |
| चालु खर्च | ६१६७४२(**चालु तर्फ रु. ६१ करोड ६७ लाख ४२ हजार)** |
| पूंजीगत खर्च | ३०७४९७(**पूँजीगत तर्फ रु. ३० करोड ७४ लाख ९७ हजार**)) |

**आदरणीय सभाध्यक्षज्यु,**
**सभासदस्यज्युहरु,**
**सम्पुर्ण उपस्थित महानुभावहरु,**

मैले प्रस्तुत गरेको आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटको कार्यान्वयनबाट आर्थिक तथा सामाजिक विकास, पूर्वाधार विकास, वन, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन र संस्थागत विकास तथा सुशासन प्रवर्धन भई नागरिकको सरकार प्रतिको भरोसा र विश्वास स्थापना हुनेमा ठोस योगदान पुग्ने अपेक्षा गरेकी छु।

बजेट तर्जुमा गर्दा मार्गदर्शन गर्नु हुने अध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, वडाध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु लगायत सम्पूर्ण कर्मचारीहरु प्रति हार्दिक आभार प्रकट गर्दछु । बजेट तर्जुमाको क्रममा उपयोगी राय सल्लाह सुझाव प्रदान गर्नु हुने संघ तथा प्रदेशका माननीय सांसदज्यूहरु, राजनीतिक दलका प्रतिनिधिज्यूहरु, पूर्व जनप्रतिनिधिज्यूहरु, नेपाल उद्योग बाणिज्य महासंघ, घरेलु महासंघ, बैंक/वित्तीय/सहकारीकर्मीहरु, निर्माण व्यवसायी, होटेल व्यवसायी, टोल विकास संस्था, सामुदायिक वन उपभोक्ता महासंघ, खानेपानी उपभोक्ता समूह, बाल सञ्जाल/युवा सञ्जाल/आमा समूह/स्वास्थ्य स्वयं सेविका, विद्यालय व्यवस्थापन समिति, सामुदायिक क्याम्पस, वडघर तथा गुरुवा, पत्रकार, शिक्षक, कर्मचारी, निजी क्षेत्र लगायत सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु । यस गाउँपालिकाको आर्थिक सामाजिक विकासमा निरन्तर सहयोग पुर्याउने सबै करदाता र कठिन अवस्थामा पनि हामीलाई निरन्तर सहयोग गर्ने गै.स.स. र साझेदार संस्थाहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु । बजेट कार्यान्वयनमा सबैको रचनात्मक सहयोग रहने अपेक्षा समेत गरेकी छु ।

वर्षायामको बाढीबाट सुरक्षित रहदै यस गाउँपालिकाको विकासको अभियानमा सहभागी हुन सम्पूर्ण राप्ती सोनारी निवासी दाजु भाई तथा दिदीबहिनीहरुलाई हार्दिक आह्वान गर्दछु ।

**अन्त्यमा,**

“समावेशी, दिगो र समृद्ध विकासको यात्रामा सबैको साथ र सहकार्य अपरिहार्य रहेको उल्लेख गर्दै, प्रस्तुत बजेट वक्तव्य यहीं समाप्त गर्दछु।

धन्यवाद।

मनिषा सिंह थारु

उपाध्यक्ष

**मिति २०८३ असार १० गते**